## नाम्खा गाउँपालिका

## मिति २०७५ असार १० गतेको गाउँ कार्यपालिकाका निर्णयहरु

**निर्णय नं १** - आ.व.२०७५।०७६ का लागि संघिय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको अनुसूची १ मा उल्लेख भए बमोजिमको बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं २** - आ.व.२०७५।०७६ का लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको वित्तिय समानिकरण , राजश्व बाँडफाँड, आन्तरिक आय र गत वर्षको नगद मौजदात बाट विनियोजित अनुसूची २ बमोजिमको बजेट तथा कार्यक्रम दफावार छलफलको माध्यमबाट स्वीकृत गरि गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं. ३-** राजश्व परामर्श समितिले पेश गरेको आ.व.२०७५।०७६ का लागि अनुसूची ३ बमोजिम करका दरहरु स्वीकृत गरि गाउँ सभामा पेश गर्ने ।

**निर्णय नं ४** -आ.व.२०७५।०७६ को नाम्खा गाउँपालिकाको संचित कोष संचालनका लागि पेश भएको तपशिलका विधेयकहरु दफावार छलफल गरि स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने ।

क) आर्थिक विधेयक २०७५

ख) विनियोजन विधेयक २०७५

**निर्णय नं ५ -** यस गाउँपालिकाको चौथो गाउँसभा मिति २०७५ आषाढ ३१ गते आईतबार सञ्चालन गर्ने ।

**निर्णय नं ६-** यस गाउँपालिका अन्तर्गत ६ नं. वडा कार्यालयमा दैनिक कार्यालय सञ्चालनका लागि आवश्यक १ जना कार्यालय सहयोगी ६ नं. वडा समितिको निर्णय र सिफारिस बमोजिम राया गा.वि.स. वडा नं.४( हाल खार्पुनाथ ३) स्थायी निवासी कल बहादुर बुढालाई करार नियुक्त गर्ने ।

**निर्णय नं ७-** स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फबाट तलब भत्ता पाउने गरि यस गाउँपालिकामा नियुक्त हुनु भएका सूचना प्रविधि अधिकृत श्री जगदिश दर्जीको करार अवधि २०७५ आषाढ मसान्तमा समाप्त हुने भएकोले अन्य व्यवस्था नभएमा गाउँपालिकाको आन्तरिक श्रोतबाट नेपाल सरकारको नियम बमोजिम सेवा सुविधा पाउने गरि २०७६ आषाढ मसान्त सम्म १ वर्षका लागि करार अवधि थप गर्ने ।

**निर्णय नं ८-** यस गाउँपालिकाको प्राविधिक शाखामा कार्यरत निर्माण तर्फका प्राविधिक कर्मचारी अधिकांश समय फिल्डमा खटिनुपर्ने भएकोले निम्नानुसार मासिक फिल्ड भत्ताको व्यवस्था गर्ने ।

ईञ्जिनियर - रु १२०००।-(बाह्र हजार)

सव ईञ्जिनियर - रु ९०००।-( नौ हजार)

असिस्टेन्ट सव ईञ्जिनियर - रु ७०००।-( सात हजार)

**निर्णय नं ९-** कठिन भूगोल र मौसमका बाबजूद पनि सेवा प्रवाहलाई प्रभावकारी बनाउन , कर्मचारीको मनोबल र उत्प्रेरणालाई उच्च बनाईराख्न निम्नानुसारका कर्मचारीहरुलाई न्यूनतम मासिक तलबमानको १०(दश) प्रतिशत आन्तरिक स्रोतबाट मासिक प्रोत्साहन भत्ता प्रदान गर्ने ।

अ) गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी

आ) वडा कार्यालयमा कार्यरत स्थायी कर्मचारी

**निर्णय नं १०-** जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति हुम्लाले पूर्ण सरसफाई रणनीतिक योजना निर्माण गरिसकेको सन्दर्भमा यस नाम्खा गाउँपालिकाले पनि गाउँपालिकास्तरिय पूर्ण सरसफाई रणनीतिक योजना निर्माण गरी लागू गर्ने साथै पूर्ण सरसफाई युक्त समाज निर्माणको लागि सबै वडाहरु सरसफाई तर्फ उन्मूख गराउन आजैबाट पहल गर्ने ।

**निर्णय नं ११-** यस गाउँपालिका अन्तरगत सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाबाट प्रभावकारी सेवा प्राप्त हुन नसकेको हुँदा कार्यरत सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविका विघटन गर्ने ।

**निर्णय नं १२-** यस गाउँपालिका क्षेत्रभित्र अनियमित र फर्जि रुपमा दर्ता भएका गुम्बाको दर्ता खारेजीका लागि सिफारिस गर्ने र नयाँ दर्ता सिफारिस रोक्ने निर्णय गरियो ।

**निर्णय नं १३-** आ.व.२०७४।०७५ को वार्षिक बजेटबाट निर्माण भएको याल्वाङ लिंक रोडको अन्तिम भुक्तानी भई बाँकी हुने बजेटबाट नाम्खा गाउँपालिका वडा नं ४ का लागि थ्रेसर मेसिन खरिद शीर्षकमा बजेट विनियोजन गर्ने ।

**निर्णय नं १४-** नाम्ख्यूङ महा माया आधारभूत विद्यालयको कक्षा थप गर्ने ।

**निर्णय नं १५-** महाबौद्ध मा.वि. याल्वाङमा गणित विषयको शिक्षक दरबन्दी माग गर्ने ।

**निर्णय नं १६-** आ.व. २०७४।०७५ को वार्षिक पूँजीगत बजेटबाट कट्टी हुने ५ प्रतिशत कन्टिन्जेन्सी मध्ये १.५ प्रतिशतले हुन आउने रकम मर्मत सम्भार कोषमा जम्मा गर्ने ।

**निर्णय नं १७-** आ.व. २०७४।०७५ को प्राप्त अख्तियारी बमोजिम भएको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय हुम्लालाई अनुरोध गर्ने ।